जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १७५ पृष्ठः ४ | २०८२ कार्तिक १५ शनिबार (Saturday 01 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## अस्पतालको सेवा-सुविधामा सहज पहुँचको माग गर्दै ज्ञापन



**मणिलाल विश्वकर्मा**

लहान, १४ कार्तिक। सिरहाको लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा उपचारका लागि आउने बिरामीहरूका लागि सेवा–सुविधामा सरल र सहज पहुँच स्थापित गर्नुपर्नेलगायतका माग गर्दै अस्पताल व्यवस्थापन समितिलाई ज्ञापनपत्र बुझाइएको छ। लहान– ३ स्थित स्वतन्त्र नागरिक युवा समाजले अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रामनारायण महतो र मेडिकल सुपरिटेन्डेन्ट डा. रणजितकुमार झालाई १४ बुँदे ज्ञापनपत्र बुझाउँदै एक महिनाभित्र माग सम्बोधन गर्न भनेको हो। ज्ञापनपत्रमा स्थापनाकालदेखि नै अस्पतालको भवन रहेको जग्गा संस्थागत स्वामित्वमा ल्याउन पहलसहित अस्पताललाई प्रदेशकै नमुना बनाउन पहल गरिनुपर्ने उल्लेख छ।

ज्ञापनपत्रमा अस्पतालमा रहेको रेडियोलोजीमा चिकित्सक नियमित रूपमा बस्नुपर्ने, अस्पतालपरिसरमा रहेको खुला व्यायामस्थललाई व्यवस्थित गरिनुपर्ने, प्रसूति वार्डमा बेड संख्या थप गरिनुपर्ने, निःशुल्क र सशुल्क औषधि काउन्टरबाट औषधिको सहज उपलब्धतता हुनुपर्ने माग गरिएको छ। त्यस्तै, निःशुल्क र स्वास्थ्य बिमा औषधिको छुट्टाछुट्टै काउन्टरको व्यवस्था, अस्पतालमा दैनिक कम्तीमा चारपटक सरसफाइ, अस्पतालमा कार्यरत चिकित्सक र सेवासहितको समय तालिकाको बोर्ड, बिलिङ काउन्टर थप, अस्पतालका मेसुले नियमित समय दिनुपर्ने माग गरिएको छ। ज्ञापनपत्रमा आकस्मिक कक्षको भवन निर्माणलाई तीव्रता दिई छिट्टै सञ्चालनमा ल्याइनुपर्ने र अस्पतालको क्यान्टिन थप व्यवस्थित र सरसफाइमा ध्यान दिइनुपर्ने माग गरिएको छ।

## विवाहपञ्चमी महोत्सवको तयारी तीव्र

जनकपुरधाम, १४ कार्तिक। जनकपुरधाममा प्रत्येक वर्ष भव्य रूपमा मनाइने सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवको तयारी औपचारिक रूपमा सुरु गरिएको छ। बिहीबार जानकी मन्दिर परिसरमा सम्पन्न सर्वपक्षीय बैठकले यस वर्षको महोत्सवलाई अझ भव्य र व्यवस्थित बनाउने निर्णय गरेको छ। बैठकमा जानकी मन्दिरका महन्थ राम तपेश्वर दास वैष्णवले आगामी मङ्सिर ९ गते मनाइने विवाहपञ्चमी महोत्सवको तयारीमा सबै सरोकारवालालाई सक्रिय सहभागिता जनाउन आग्रह गरे। उनले देश–विदेशका हजारौँ श्रद्धालु जनकपुरधाम आउने भएकाले नगरवासीलाई सरसफाइ र आतिथ्यमा विशेष ध्यान दिन आह्वान गरे। यस वर्षको महोत्सव तयारीका लागि शान्ति सुरक्षा, प्रचार–प्रसार, बजार व्यवस्थापन, रंगभूमी गेट–पण्डाल, यातायात, ट्रफिक र स्वास्थ्य उपसमितिसहित विभिन्न उपसमिति गठन गरिएको जानकारी महन्थ दासले दिए। त्यसैगरी जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले विवाहपञ्चमीलाई सभ्य, भव्य र व्यवस्थित बनाउन सबै जनकपुरवासीलाई आ–आफ्नो तर्फबाट सहयोग र योगदान गर्न अनुरोध गरे। बैठकमा जनकपुरधाम उपमहानगर...

**–बाँकी अन्तिम पेजमा**

## ५ हजार कैदीबन्दी अध्यागमनको कालोसूचीमा

काठमाडौं, १४ कार्तिक। जेनजी आन्दोलनको क्रममा कारागारबाट फरार भएका मध्ये करिब पाँच हजार कैदीबन्दीलाई अध्यागमनको कालोसूचीमा राखिएको छ। २४ भदौको आन्दोलनको क्रममा देशभरका कारागारहरूबाट १५ हजार भन्दा कैदीबन्दीहरू फरार भएका थिए। अहिले ठूलो मात्रामा कैदीबन्दीहरू पक्राउ परिसकेका छन्। ती मध्ये अझै ६ हजार भन्दा बढी कैदीबन्दीहरू फरार छन्। फरार भएका कैदीबन्दीहरू विमानस्थल प्रयोग गरेर विदेश भाग्न सक्ने भन्दै उनीहरूलाई कालोसूचीमा राखिएको छ। कारागार व्यवस्थापन विभागले पठाएको विवरणका आधारमा करिब पाँच हजार कैदीबन्दीहरूलाई कालोसूचीमा राखिएको हो।

## वर्षाले पाकेको धान भित्र्याउन नपाउँदा किसान चिन्तित

**मणिलाल विश्वकर्मा**

सिरहा, १४ कार्तिक। लगातारको वर्षाका कारण पाकेको धान भित्र्याउन नपाउँदै खेतमा ढल्न थालेपछि किसानहरू चिन्तित भएका छन्। बंगालको खाडीबाट विकसित 'मोन्था' चक्रवातको कारण भएको वर्षाले पाक्नै लागेको धान ढलेपछि किसानलाई मर्का परेको हो। सिरहाको गोलबजार ९ का पूर्ववडाध्यक्षसमेत रहेका किसान रामपुकार कामतीले





वर्षाले पाक्न लागेको धानमा क्षति पुगेको बताए। 'रोप्ने वेलामा खडेरीको मारमा परेका किसान जसोतसो धान भित्र्याउने वेलामा बेमौसमी वर्षाको मारमा परेका छौँ,' उनले भने, 'दुःख गरेर खेती गर्छौं, तर प्रकृतिले साथ दिएन।'

कर्जन्हा नगरपालिका ३, बन्दीपुरका युवा किसान जितेन्द्र यादवले बेमौसमी वर्षाले किसानमाथि बज्रपात भएको गुनासो गरे। मुस्किलले एक हप्तापछि भित्र्याउन सकिने धानलाई पानीले क्षति गरेको उल्लेख गर्दै उनले भने,

**–बाँकी दुई पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो ।

**जुवातास खेले वा खेलाएमा, मुलुकी अपराधसहिता, २०७४ को दफा १२५ मा**

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजार सम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ

*त्यसैले जुवातास नखेलौं–नखेलाऔं, कानूनी कारबाहीबाट बचौं !*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## पारिवारिक विवाद कि राजनीतिक खेल ?

मधेस प्रदेशकी समानुपातिक सांसद किरण कुमारी साह हाल पारिवारिक विवादमा तानिएकी छन्। सप्तरीस्थित आफ्नै ससुरा–सासूले सार्वजनिक रूपमा भिडियो सन्देश जारी गर्दै बुहारी किरण र उनका श्रीमान् इन्जिनियर विनोद साहमाथि शारीरिक र मानसिक दुर्व्यवहार गरेको आरोप लगाएका छन्। ८० वर्षीय देवनारायण प्रसाद साहले आफ्नो जीवनभरको सम्पत्ति लगानी गरी निर्माण गरेको घरबाट आफू र श्रीमतीलाई निकालिएको भन्दै उजुरीसमेत दर्ता गराएका छन्। उनले घरका महत्वपूर्ण कागजात चोरी भएको र विरोध गर्दा कुटपिट गरी सडकमा पुऱ्याइएको आरोप लगाएका छन्।

तर सांसद किरण साहका अनुसार यी सबै आरोप नियोजित षड्यन्त्र हुन्। उनले यो विवादलाई आफ्नो राजनीतिक छवि ध्वस्त पार्ने उद्देश्यले उछालिएको बताएकी छन्। साहले परिवारभित्रको सामान्य मनमुटावलाई राजनीतिक रङ दिइएको आरोप लगाउँदै भनिन्, "यो मेरो चरित्र हत्या गर्ने अभियान हो।" उनले नन्द माधुरी साह जनमत पार्टीसँग आबद्ध नेतृ भएको र सोही प्रतिस्पर्धाले विवादलाई सार्वजनिक बनाएको दाबी पनि गरेकी छन्। उनका अनुसार ससुरा–सासूलाई घरबाट निकालिएको होइन, उनीहरू आफैं छोरीको घरमा गएको हो र फर्किन आग्रह गर्दा नआएको हो।

प्रहरी र प्रशासनले यस घटनालाई संवेदनशील रूपमा लिएको छ। देवनारायण साहको उजुरी जिल्ला प्रशासन कार्यालय सप्तरीमा दर्ता भइसकेको छ र प्रहरी दुवै पक्षलाई छलफलका लागि बोलाउने तयारीमा छ। अधिकारीहरूका अनुसार विषय पारिवारिक विवादसँग सम्बन्धित देखिए पनि एक पक्ष जनप्रतिनिधि भएकाले निष्पक्ष अनुसन्धान आवश्यक छ। जसपा नेपालका नेताहरूले पनि यसलाई व्यक्तिगत विषय बताउँदै आधिकारिक टिप्पणी नगर्ने जनाएका छन्।

तर घटनाले राजनीतिक सन्दर्भ पनि उब्जाएको छ। जसपा र जनमत पार्टीबीचको पुरानो प्रतिस्पर्धा यस विवादमा झल्किएको कतिपयको मत छ। मधेस राजनीतिमा सक्रिय र स्पष्ट वक्ता किरण साहको छविमा भने यस घटनाले आघात पुऱ्याउने सम्भावना बढेको छ। एकातिर पारिवारिक सन्दर्भमा सार्वजनिक आरोप–प्रत्यारोप भइरहेको छ भने अर्कोतिर राजनीतिक लाभ–हानिको गणित पनि देखिन्छ।

सार्वजनिक जीवनमा रहेका व्यक्तिहरूका पारिवारिक विवाद निजी मामिला भए पनि, जब त्यस्ता मुद्दा सार्वजनिक मञ्चमा आउँछन्, त्यसले समाज र राजनीतिमा गहिरो प्रश्न उठाउँछ— नेताहरूले निजी र सार्वजनिक जीवनबीचको रेखा कसरी सम्हाल्ने ? किरण साह प्रकरणले यही प्रश्नलाई पुनः सतहमा ल्याएको छ। अब प्रशासनले निष्पक्ष अनुसन्धान गरी सत्य–असत्यको खुलासा गर्नु जरुरी छ, ताकि राजनीतिक प्रतिस्पर्धाभित्र लुकेका पारिवारिक पीडाहरूले जनप्रतिनिधिको नैतिकता र विश्वासमाथि आँच नपरोस्।

## वर्षाले पाकेको ...

'तत्काल नगरपालिकाको कृषि शाखाले क्षतिको मूल्यांकन गरी किसानलाई राहत उपलब्ध गराउनुपर्छ।' साउनको दोस्रो सातासम्म धान रोपाइँका लागि वर्षा नहुँदा किसानले बोरिङ, जेनेरेटरबाट तानेको पानीले जसोतसो रोपाइँ गरेका थिए। तर, धान भित्र्याउन नपाउँदै वर्षाले क्षति पुऱ्याएकाले किसानलाई राहत दिनुपर्ने उनको माग छ।

**जिल्लामा ८८ प्रतिशतभन्दा बढी रोपाइँ**

मनसुनी वर्षाले साथ दिएको अवस्थामा साउनको मसान्तसम्म करिब सतप्रतिशत रोपाइँ हुने सिराहा जिल्लामा यसपटक खडेरी परेर साउनको अन्तिम सातातिर मात्र पानी परेपछि ८८.१७ प्रतिशत रोपाइँ भएको कृषि ज्ञान केन्द्र सिरहाले जनाएको छ। केन्द्रका प्रमुख नरेन्द्रकुमार महासेठका अनुसार मौसम सामान्य रहेको अवस्थामा प्रायः कात्तिकको तेस्रो सातादेखि कटाइ सुरु हुने धानमा वर्षाले क्षति पुऱ्याएको छ।

'सुरुमै रोपिएको धान फाट्टफुट्ट कटाइ पनि सुरु भएको थियो,' उनले भने, 'तर, वर्षाले विभिन्न स्थानीय तहमा पाक्नै लागेको धान ढलेर क्षति भएको छ।' बेमौसमी वर्षासँगै आएको सामान्य हावाले पनि धान ढलेपछि दाना कुहिएर उत्पादन घट्ने उनले बताए। 'वर्षा रोकिएपछि स्थानीय तहको कृषि शाखासँग समन्वय गरी कहाँ कति क्षति भयो भन्ने यकिन हुन्छ,' उनले भने। केन्द्रका अनुसार जिल्लाको कुल खेतीयोग्य जमिनमध्ये ५४ हजार हेक्टरमा बर्खे र एक हजार ३४५ हेक्टरमा चैते धान खेती हुन्छ। जिल्लामा २१ हजार ५३३ हेक्टर जग्गामा बाह्रै महिना र १८ हजार ३३८ हेक्टर अर्धसिँञ्चित जग्गाबाहेक ३४ हजार ४२ हेक्टर क्षेत्रमा आकासेपानीको भरमा नै खेती हुँदै आएको छ।

# डेडिकेटेड लाइन र अर्थतन्त्र :'हिरोवाद' कि समाधानको बाटो ?

**राजन कुमार झा**

कुनै पनि सभ्य लोकतान्त्रिक राष्ट्रको शासन व्यवस्था कानुनी प्रणाली, संवैधानिक सर्वोच्चता र नियामक निकायको क्षेत्राधिकारमा अडिएको हुन्छ, यसको जग व्यक्तिको क्षणिक चाहना वा व्यक्तिगत लोकप्रियतामा मात्र आधारित हुन सक्दैन भन्ने आधारभूत मान्यता नेपालमा पछिल्लो समय गम्भीर प्रश्नको घेरामा परेको छ। सात वर्षदेखि चर्किरहेको 'डेडिकेटेड' र 'ट्रंक लाइन' महसुल विवादले यही मौलिक सिद्धान्तमाथि प्रश्नचिह्न खडा गरेको छ, जसलाई केवल महसुलको अंकगणितीय हिसाबकिताब मात्र नभई विधिको शासनमाथि प्रणालीगत अस्पष्टताले सिर्जना गरेको जटिलताका रूपमा लिनु सान्दर्भिक देखिन्छ।

नेपाल विद्युत् प्राधिकरणको तत्कालीन तथा सम्बद्ध मन्त्रालयको वर्तमान नेतृत्वले कानुनी आधार र सेवा उपभोगको प्रमाण (टीओडी डेटा) का विषयमा गम्भीर प्रश्न उठिरहेका बेला देशका ठूला उद्योगहरूको विद्युत आपूर्ति अवरुद्ध पार्ने कारबाही गरेको छ। कुल विवादित ८ अर्ब रुपैयाँ महसुलमध्ये लाइन काटिएका २५ उद्योगको ५ अर्ब ४८ करोड बक्यौता असुल्न लक्षित गरी चालिएको यो कठोर कदम राज्यको एक शक्तिशाली संस्थाले वैधानिक प्रक्रियाको पूर्ण पालना नगरी आर्थिक स्थिरतामाथि सिधा चुनौती दिएका रूपमा व्याख्या भइरहेको छ। यो कारबाही सामान्य ऋण असुली नभई निजी क्षेत्रमाथि थोपरिएको प्रमाणहीन आर्थिक दबाबका रूपमा लिइएको छ, जसले तत्कालै उद्योग सञ्चालन अवरुद्ध पार्दै राष्ट्रिय उत्पादन र हजारौंको रोजगारीमा नकारात्मक असर पारेको छ।

**कानुनी र संवैधानिक चुनौती**

यो विवादको केन्द्रमा नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिले विद्युत् महसुल निर्धारण आयोग (हाल विद्युत् नियमन आयोग) को क्षेत्रा कार बाइपास गरी महसुल दर तोक्ने प्रयास गर्नु हो। विद्युत् ऐन २०४९ अनुसार महसुल तोक्ने अधिकार प्राधिकरणलाई थिएन। यो कानुनी सीमा उल्लंघनले नै विवादलाई महसुल विवादबाट संस्थागत क्षेत्राधिकार र विधिको शासनको पालनाको मुद्दामा रूपान्तरण गरेको छ। जब एक सरकारी निकायले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर निर्णय लिन्छ र सोही निर्णयका आधारमा बलपूर्वक असुली गर्न खोज्छ, तब त्यसले राज्यका अन्य नियामक संरचना कमजोर बनाउँछ र स्वेच्छाचारिता संस्थागत गर्छ। यस्तो अवस्थामा न्यायिक निरूपण र वैधानिक सुनुवाइ प्रक्रिया अवरुद्ध गर्नुले समस्याको जटिलता थप बढाएको छ।

नेपालको आर्थिक पुनरुत्थानको यो संवेदनशील घडीमा प्राधिकरणको कदमले राष्ट्रिय स्थायित्व र लगानीको सुरक्षामाथि गम्भीर प्रश्न खडा गरेको छ। हालैका घटनाक्रम, विशेषगरी जेनजी आन्दोलनपछि थिलथिलिएको अर्थतन्त्र र धर्मराएको व्यावसायिक मनोबललाई प्राधिकरणको यो कदमले थप जर्जर बनाएको छ। जब नियामक निकायले स्थापित कानुनी प्रक्रिया पालना नगरी कठोर निर्णय लिन्छ, तब त्यसले औद्योगिक क्षेत्रको मनोबल कमजोर बनाउँदै समग्र आर्थिक चक्र अवरुद्ध पार्छ। यस अवस्थामा, क्षणिक सफलता प्रदर्शन गर्ने प्रयासभन्दा माथि उठेर औद्योगिक मेरुदण्डको संरक्षण र हजारौंको रोजगारीको सुरक्षालाई प्राथमिकता दिनु नै राष्ट्रको बृहत्तर हितमा छ। यस प्रकारको प्रक्रियागत अस्पष्टता र कठोर निर्णयले बजारमा अस्थिरता र अनिश्चितताको सन्देश प्रवाह गर्छ, जसको दीर्घकालीन मूल्य नेपालको अर्थतन्त्रले चुकाउनुपर्ने निश्चित छ। यस प्रकारको कार्यशैलीले अन्तर्राष्ट्रिय लगानीकर्तालाई नेपालको नियामक वातावरण अस्थिर रहेको स्पष्ट संकेत दिन्छ, जसले विदेशी पूँजी आकर्षण गर्ने प्रयासमा बाधा पुऱ्याउँछ। विश्वासको यो संकटले नेपालमा नयाँ उद्योग स्थापना गर्ने योजनामा रहेका बहुराष्ट्रिय कम्पनीहरूलाई समेत पछि हट्न बाध्य पार्न सक्छ।

**तथ्यको खोजी : हल्ला र यथार्थ**

जनताको वाहवाही, सामाजिक सञ्जालमा गरिएको आधारहीन देवत्वकरण र सहानुभूति जित्ने उद्देश्यले निजी क्षेत्रमाथि सिर्जना गरिएका भ्रम र हल्लाहरूको तथ्यसंगत विश्लेषण गर्नु आज अपरिहार्य छ। पछिल्लो समय सिर्जना गरिएका प्रायोजित समाचार र गलत सूचनाको बाढीले गर्दा हामी नेपाली सत्य कुराबाट टाढा भएर कृत्रिम आक्रोशमा परिरहेका छौं। नेपालको अर्थतन्त्रको मेरुदण्ड नै निजी क्षेत्र हो। तथ्यांकहरूले स्पष्ट देखाउँछन् देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) को ८० प्रतिशतभन्दा बढी आम्दानी यसै क्षेत्रले धानेको छ, ८५ प्रतिशतभन्दा बढी नेपालीले रोजगारी पाएका छन् र सरकारको ढुकुटी भर्ने धेरैजसो राजस्व पनि यसैले तिर्छ।

देशको अर्थतन्त्रमा आधारभूत योगदान दिने निजी क्षेत्रलाई नै कानुन अटेरी वा खलपात्रका रूपमा स्थापित गर्नु राष्ट्रिय हितमाथिको सिधा चुनौती हो। सार्वजनिक आक्रोशलाई हतियार बनाइ न्यायिक प्रक्रिया ओझेलमा पार्ने यो प्रयासले इमानदार उद्यमीहरूमाथि अन्याय थोपर्छ र समग्र व्यावसायिक मनोबल धराशायी बनाउँछ। यो प्रवृत्तिले मुलुकको समृद्धिमाथि अत्यन्त संवेदनशील दीर्घकालीन असर पार्ने छ। औद्योगिक क्षेत्रप्रति राज्यको नियत खराब छ भन्ने नकारात्मक विश्वव्यापी सन्देश जाँदा नयाँ लगानी आकर्षित हुन सक्दैन, जसले विद्यमान पूँजी पलायनको जोखिम ह्वात्तै बढाउँछ। जब लगानीकर्ताहरू नियामक निकायबाटै कानुनी आधारविना अनुचित दबाब महसुस गर्छन्, तब उनीहरू सुरक्षित गन्तव्यको खोजीमा लाग्नु स्वाभाविक हो। परिणामतः पूँजी पलायन तीव्र हुँदै आन्तरिक रोजगारी सिर्जनाको सम्भावना पूर्णरूपमा समाप्त हुन्छ।

यसै सन्दर्भमा उद्योगीहरूले बिजुलीको बिल नै तिरेका छैनन् भन्ने हल्ला आधारहीन छ। वास्तविकता के हो भने अधिकांश कम्पनीहरूले आफ्नो नियमित बिजुली शुल्क सामान्यतया समयमै तिरिरहेका छन्। विवाद केवल २०७२ साउनदेखि २०७५ वैशाख ( लोडसेडिङ अन्त्य भएको) सम्मको डेडिकेटेड र ट्रंक लाइन प्रयोग बापत लाग्ने थप शुल्क (प्रिमियम) मा मात्र केन्द्रित छ। सेवा उपभोगको आधिकारिक प्रमाणविना नै यति ठूलो रकमको बिल जारी गरिनु नै यस विवादको मूल जड र प्रणालीगत कमजोरी हो, जसलाई प्राधिकरणले २०७५ चैतमा मात्र 'एक पन्ने चिठी' का रूपमा पठाएको थियो, जबकि त्यो समयसम्म लोडसेडिङ अन्त्य भएको ११ महिना बितिसकेको थियो। यो ढिलो र अनौपचारिक बिलिङले नै प्राधिकरणको नियतमाथि प्रश्न खडा गरेको छ, किनकि कुनै पनि व्यावसायिक कारोबारमा सेवा उपभोग भएको समयमै आधिकारिक इनभ्वाइस पठाउनु अनिवार्य हुन्छ।

**विवादको जड : क्षेत्राधिकारको सीमा**

नेपाल विद्युत प्राधिकरण र उद्योगीहरूबीचको यो महसुल विवादको मूल जड पैसाको बक्यौतामात्र नभई कानुनी क्षेत्राधिकारको ठाडो उल्लंघन र संस्थागत स्वेच्छाचारितामा निहित छ। यसको सुरुवात चरम लोडसेडिङको समयमा भएको थियो, जब उद्योगहरूलाई जेनेरेटरको महँगो खर्चबाट राहत दिने उद्देश्यसाथ नियमित महसुलमा करिब ६५ प्रतिशत थप (प्रिमियम) शुल्क सहित डेडिकेटेड र ट्रक लाइन सुविधा उपलब्ध गराइयो। तर, विडम्बना के छ भने यस सुविधाको व्यवस्थापन र बिलिङ प्रक्रियामा प्राधिकरणले सुरुदेखि नै कानुनी र प्रणालीगत गल्ती गर्दै गयो, जसले आजको भयावह संकट जन्मायो।

कानुनी रूपमा हेर्दा विद्युत् ऐन २०४९ को स्पष्ट व्यवस्था अनुसार बिजुली महसुल दर वा कुनै पनि थप शुल्क तोक्ने अधिकार प्राधिकरणलाई नभई तत्कालीन नियामक निकाय विद्युत् महसुल निर्धारण आयोगलाई मात्र थियो। यो कानुनी सीमा मिचेर प्राधिकरण सञ्चालक समितिले २०७२ सालमा आयोगको पूर्वस्वीकृति वा रायविना नै डेडिकेटेड ग्राहकलाई प्रिमियम शुल्क लगाउने निर्णय गरी कार्यान्वयन सुरु गर्नु कानुन विपरीत स्वेच्छाचारिता थियो। प्राधिकरणका तत्कालीन उच्च अधिकारी (ऊर्जा सचिव) ले नै पछि संसद्को लेखा समितिमा 'आयोगको स्वीकृति लिन चुकिएको' भनी स्वीकार गर्नुले नै यो प्रारम्भिक कदम गैरकानुनी र क्षेत्राधिकारविहीन थियो भन्ने तथ्य अकाट्य रूपमा पुष्टि हुन्छ।

यस अतिरिक्त आयोगको १०८औं बैठक (१६ असार २०७३) ले स्पष्ट मापदण्ड तोकेको थियो– देशमा ६ घण्टा वा त्यसन्दा बढी लोडसेडिङ कायम भएको अवस्थामा २० घण्टा वा त्यसभन्दा बढी समय ट्रंक लाइनबाट निरन्तर बिजुली चलाउने उद्योगलाई मात्र डेडिकेटेड ग्राहक सरह प्रिमियम महसुल लगाउन सकिने। महसुल निर्धारणको आधारभूत वैधानिक प्रक्रिया छलेर प्राधिकरण आफैंले दर तोक्नु नै विवादको पहिलो र सबैभन्दा ठूलो कानुनी त्रुटि बन्यो।

कानुन मिचेर शुल्क तोकेपछि पनि प्राधिकरणले अन्यायपूर्ण 'पश्चातदर्शी' असुलीको बाटो अपनायो। कुनै पनि नयाँ शुल्क कानुनतः स्वीकृत भएपछि मात्र लागु हुनुपर्नेमा प्राधिकरणले आयोगको निर्णय हुनुभन्दा ६ महिना अगाडिको मिति (२०७२ साउनदेखि लागु हुने गरी) बक्यौता छुट बिल (औपचारिक इनभ्वाइस नभई एक पन्ने चिठी) पठाएर रकम उठाउन खोज्यो। यो पश्चातदर्शी असुली आफैंमा कानुनी र व्यावहारिक दुवै हिसाबले अन्यायपूर्ण मानिन्छ, किनकि कुनै पनि ग्राहकलाई पूर्व सूचनाविना र कानुनी आधारविना विगतको मितिदेखि दायित्व लाद्न सकिँदैन।

यसका साथै ट्रंक लाइनमा प्रिमियम शुल्क लाग्ने मुख्य आधार 'कम्तीमा ६ घण्टा लोडसेडिङ भएको' हुनुपर्ने नियम थियो। प्राधिकरणले नै वैशाख २०७५ मा देशबाट लोडसेडिङ अन्त्य भएको घोषणा गरिसकेपछि पनि त्यो आधारभूत नियम हटिसक्दा २०७७ सालसम्मको प्रिमियम शुल्क दाबी गरिरह्यो। यी कदमले प्राधिकरण नियम, मापदण्ड र वस्तुस्थितिप्रति जवाफदेही नभएको स्पष्ट देखिन्छ जुन सार्वजनिक संस्थाको जिम्मेवारी विपरीत गरिनुपर्ने थिएन।

अन्ततः प्राधिकरणको नेतृत्वले असुल नभएको र कानुनी आधारमै विवादित रहेको यही शुल्कलाई आफ्नो आम्दानीमा जोडेर संस्थाको ब्यालेन्ससिटमा 'नक्कली नाफा' देखाउने प्रयास गऱ्यो। लोडसेडिङ हटाए बापत सार्वजनिक लोकप्रियता आफ्नो कार्यकालभरि कायम राख्न र वित्तीय तथ्यांकमा कृत्रिम सफलता देखाउन, गलत तथ्यांकका आधारमा सिर्जना गरिएको 'हिरोवाद' को आवरण जोगाउनु नै आज जबर्जस्ती महसुल उठाउन खोज्नुको मूल कारण हो। यसरी सार्वजनिक संस्थाको वित्तीय तथ्यांकमाथि गरिएको चलाखी र प्रमाणविनाको असुलीका कारण नै उद्योगीहरूले 'प्राधिकरणले आयोगको निर्णय अनुरूप दैनिक ६ घण्टाभन्दा बढी लोडसेडिङ भएको र आफूहरूले २० घण्टाभन्दा बढी बिजुली प्रयोग गरेको पुष्ट्याइँ ( टीओडी मिटर डेटा) पेस गरे मात्रै प्रिमियम तिर्ने' अडान लिँदै महसुल तिर्न अस्वीकार गरेका हुन्, जसले विवादलाई महसुलको विषयबाट विधिको शासन र प्रणालीगत विश्वसनीयताको संकटमा पुऱ्याएको छ।

**न्यायिक विवेकको अवहेलना**

यो विवाद समाधानका लागि अपनाइएका वैधानिक प्रक्रिया र न्यायिक संयन्त्रहरूमा नै प्रणालीगत अवरोध सिर्जना गरिनुले समस्या झन् जटिल बन्दै गएको छ। न्यायको

–बाँकी तीन पेजमा

# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

## दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

यस गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय, गोलबजार, सिरहाको मिति २०८२।०६।०५ गतेको प्रकाशित सूचना अनुसार रीतपूर्वक दर्ता भई खोलिएको शिलबन्दी दरभाउपत्रहरु यस नगरपालिकाको मिति २०८२।०७।१३ गतेको मूल्यांकन समितिको निर्णय अनुसार सारभूत रुपमा प्रभावकारी देखिएको हुँदा तपसिलमा उल्लेखित बोलपत्र दरभाउ स्वीकृतको लागि छनौट भएको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | विवरण | कबोल अंक (मूल्य अभिवृद्धि करसहित) | | स्वीकृत फर्मकोमा नाम, ठेगाना |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| १. | गँहु बिउ (गौतम, विजय र NI.-791) | प्रति के.जी रु. ८२/- | प्रति के.जी. रु. बिरासी मात्र | श्री नमूना मल्टी एग्रो प्रा.लि., रत्ननगर-२ चितवन। |

नि.प्रमुख प्रशासकीय अधिकृत


# बाराका ३ ठुला उद्योगले महसुल बुझाए, आनाकानी गर्दै जगदम्बा स्टिल

**शारदा पोखरेल**

बारा, १४ कार्तिक। बारामा डेडिकेटेड फिडर र ट्रंक लाइन मार्फत विद्युत् उपभोग गरेका ३ ठुला उद्योगले महसुल भुक्तान गर्दा जगदम्बा स्टिलले भने आनाकानी गरेको छ। सो उद्योगका मजदुरहरू आफ्नो रोजीरोटी खोज्न उद्योगले जानाजान विद्युत् महसुल विवादलाई बल्झाएको आरोप लगाउँछन्। डेडिकेटेड र टंकलाइन विद्युत् सुविधा उपभोग गरेका हुलास स्टिल इण्डष्ट्रिज, अशोक स्टिल, हामा आइरनले असोज ३० गते नै विद्युत् महसुलको किस्ता बुझाउन सुरु गरेका हुन् भने जगदम्बा स्टिलले बक्यौता रकम बुझाउन आलटाल गर्दै आएको छ।

बक्यौता नबुझाएपछि नेपाल विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्रले कात्तिक ४ गते जगदम्बा स्टिलको ६६ हजार केभी विद्युत् प्रसारण लाइन काटेको हो। अहिलेसम्म सो उद्योगले बक्यौता रकम भुक्तान गर्न कुनै चासो नदेखाएको र सम्पर्कमा समेत नआएको विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्रले जनाएको छ। २०७२ पुसदेखि २०७५ पुससम्म सिमरास्थित जगदम्बा स्टिलले डेडिकेटेड र ट्रंक लाइन उपभोग गरेबापत विद्युत् प्राधिकरणलाई १ अर्ब ६० करोड महसुल बुझाउन बाँकी छ। अखिल नेपाल ट्रेड युनियन महासंघ, जगदम्बा स्टिल मजदुर युनियनका सचिव दिपक कार्कीले प्राधिकरणले विद्युत् लाइन काटेपछि फलाम गलाउने ठुला भट्टी बन्द भए पनि साना मेसिन सञ्चालनमै रहेको जनाए ।

कार्कीले अन्य उद्योगले महसुल बुझाउँदा जगदम्बा स्टिलले मात्रै बलमिच्चाइँ गरेर राज्यको कानुन उल्लंघन गर्न खोज्नु गलत भएको टिप्पणी गरे। 'अहिले उद्योगपतिहरू नेताभन्दा धेरै बाठा भइसके। बजारमा पूरै मजदुर बेरोजगार भइसके भनेर गलत अफवाह फैलाएर महसुल नतिर्न




राज्यलाई दबाब दिने काम भइरहेको छ,' सचिव कार्कीले भने, 'अहिले उत्पादन घटेको छ, तर बजारमा हल्ला चलाएजस्तो उद्योग ठप्प छैन।' जगदम्बा स्टिलले उद्योग सञ्चालनका लागि ३५ देखि ४० मेगावाट विद्युत् उपभोग गर्दछ। उद्योगले ६६ हजार केभी, ११ हजार केभी र अन्य साना मेगावाटका विद्युत् उपभोग गर्दै आएको छ।

जगदम्बा स्टिलभित्र ९ वटा ठुला फलाम पगाल्ने भट्टी छन्। ६६ हजार केभीको विद्युत् कटौती भएपछि यी भट्टी अहिले बन्द छन्। '११ हजार केभी र अन्य २/३ थरीका लाइनबाट ३० देखि ४० प्रतिशत उद्योग सञ्चालित छ,' कार्कीले भने, 'उद्योगले राज्यलाई दबाब दिनकै लागि मजदुर कटौती गर्छु भनेर धम्क्याएको छ। यो हामीलाई मान्य छैन।' जगदम्बा स्टिलमा मजदुर र कर्मचारी गरेर २ हजारभन्दा बढी कार्यरत छन्। 'विद्युत् महसुलको विवाद भनेको सरकार र उद्योग प्रशासनबिचको विषय हो। यसमा मजदुरका मुद्दा घुसाएर कर्मचारी कटौती गर्न पाइँदैन,' जगदम्बा स्टिल मजदुर युनियनका सहसचिव गोविन्द अधिकारीले भने, 'अन्य ठुला उद्योगले महसुल तिर्दा हाम्रो उद्योगले पनि राज्यलाई तिनुपर्ने महसुल बुझाएर सरकारको नियम र कानुनमा बस्नुपर्छ भन्ने हाम्रो धारणा हो।'

विद्युत् महसुलको बहाना बनाएर उद्योगले २५ वर्षदेखि दिँदै आएको बोनस यस वर्षको चाडपर्वमा कटौती गरेको मजदुरहरूको गुनासो छ। सहसचिव अधिकारीले सरकारसँगको लडाइँमा उद्योग प्रशासनले मजदुरहरूको रोजीरोटी खोस्ने काम गर्न नहुने बताए। यसअघि कोभिड- १९ मा पनि जगदम्बा स्टिलमा कार्यरत धेरै मजदुरको रोजगारी गुमेको थियो। जगदम्बाले डन्डी, पाइप, जस्तापाता, सिमेन्ट लगायतका निर्माणजन्य सामग्री उत्पादन गर्दछ। बारा-पर्सा औद्योगिक करिडोरमा रहेका उद्योगमध्ये जगदम्बा इन्टरप्राइजेजपछि सबैभन्दा धेरै विद्युत् महसुल बुझाउनेमा जगदम्बा स्टिल पर्दछ। जगदम्बा स्टिलले मासिक १३ देखि १५ करोडसम्म विद्युत् महसुल बुझाउँछ।

विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्रका प्रमुख इन्जिनियर रमेश रुपाखेतीले सिमरा वितरण केन्द्र अन्तर्गत डेडिकेटेड र ट्रंक लाइन उपभोग गर्ने ५ वटा उद्योगमध्ये सूर्य नेपालले सबै महसुल बुझाइसकेको र अन्य ३ उद्योगले पनि पहिलो किस्ताको रकम बुझाएको बताए। सरकारले २०७२ पुसदेखि २०७५ वैशाखसम्म डेडिकेटेड ट्रंक लाइन उपभोग गर्ने उद्योगहरूसँग बाँकी महसुल लिने निर्णय गरेको थियो। हुलास स्टिल, जगदम्बा स्टिल, हामा आइरन र अशोक स्टिलले महसुल बुझाउन बाँकी रहेकोमा जगदम्बाबाहेक अन्य उद्योगले किस्ताबन्दीमा रकम बुझाउन थालेको प्राधिकरणले जनाएको छ।

हामा आइरन एण्ड स्टिल इन्डस्ट्रिजले डेडिकेटेड तथा ट्रंक लाइन उपभोग गरेबापत ५ करोड ८५ लाख रुपैयाँमध्ये पहिलो किस्ताबापत २० लाख ८९ हजार रुपैयाँ बुझाएको छ। हुलास स्टिलले तिर्न बाँकी १४ करोड १२ लाख रुपैयाँलाई २८ किस्तामा तिर्ने प्राधिकरणसँग सहमति गरेको र ५० लाख ४३ हजार किस्ता तिरेको छ। अशोक स्टिलले बुझाउनुपर्ने बाँकी महसुल १७ करोड ५८ लाख रुपैयाँमध्ये पहिलो किस्तावापत ६३ लाख रुपैयाँ बुझाएको प्राधिकरणका सिमरा केन्द्र प्रमुख रुमेश रुपाखेतीले जनाए। 'प्राधिकरणको सञ्चालक समितिबाट २८ किस्तामा भुक्तानी गर्ने भनेर सहमति भएअनुसार पत्राचार गर्दा ३ वटा उद्योगले पहिलो किस्ताको रकम बुझाइसके,' रुपाखेतीले भने, 'तर जगदम्बा स्टिल बक्यौता रकम बुझाउन सम्पर्कमा नआएपछि हामीले कात्तिक ४ गते बिहान लाइन काटेका हौँ।'

प्राधिकरणले जगदम्बा स्टिलमा विद्युतको माग ३५ मेगावाट भएकाले ११ हजार केभीको प्रसारण लाइनबाट भट्टी सञ्चालन नहुने जनाएको छ। प्रमुख रुपाखेतीले अहिलेकै अवस्थामा उद्योगका ११ हजार केभी विद्युतबाट उद्योगका १० प्रतिशतमात्रै प्लान्ट चल्न सक्ने टिप्पणी गरे। २८ किस्तामा बुझाउँदा उद्योगले पहिलो किस्ताबापत करिब ५ करोड ७५ लाख बुझाउनुपर्ने प्राधिकरणले जनाएको छ।

उद्योगका मानव संसाधन व्यवस्थापन शाखाका प्रमुख अनिल गजुरेलले उद्योगभित्र उत्पादनको कुनै काम नभएको र अहिले मर्मत सम्भार सरसफाइको काममात्रै भइरहेको बताए। उनले तत्काल विद्युत् महसुल बुझाउने विषयमा कुनै सूचना नआएको प्रस्ट पारे। उद्योगले उत्पादन बन्द गरेको अवस्थामा मजदुर तथा कर्मचारी कटौतीका विषयलाई लिएर ट्रेड युनियनहरूले विरोध जनाए पनि तत्काल मजदुर तथा कर्मचारी कटौती नहुने गजुरेलले बताए।

## डेडिकेटेड लाइन...

मौलिक सिद्धान्त अर्थात् 'प्रमाणविनाको दाबी अमान्य हुन्छ' लाई नै यहाँ बेवास्ता गरिएको छ।

**पुनरावलोकन समितिको निष्क्रियता**

सर्वोच्च अदालतले धेरै कम्पनीलाई प्राधिकरणको प्रशासकीय पुनरावलोकन समितिमा गई वैधानिक बाटो प्रयोग गर्नुपर्ने आदेश दिए पनि प्राधिकरण नेतृत्वले समितिलाई निष्क्रिय राख्दा व्यवसायीको वैधानिक सुनुवाइको अधिकार अवरुद्ध भयो। कानुनतः ३५ दिनभित्र सुनुवाइ गरिसक्नुपर्ने व्यवस्था हुँदाहुँदै यसरी समितिलाई निष्क्रिय पार्नु प्रशासनिक स्वेच्छाचारिताको स्पष्ट सूचक हो, जसले न्याय प्राप्तिको संवैधानिक हकमाथि बाधा पुऱ्याएको छ।

**लाल आयोगको बेवास्ता**

सरकारले गठन गरेको लाल आयोगले प्रतिवेदनमा प्रमाण ( टीओडी डेटा) का आधारमा 'पुनः हिसाब' गरेरमात्र महसुल लिनुपर्ने र प्रमाण जुटाउने दायित्व प्राधिकरणकै हुने स्पष्ट पारेको थियो। आयोगले यो पनि औँल्यायो कि यदि प्राधिकरणले प्रमाण जुटाउन नसके विवादित महसुल मिनाहा गर्नुपर्ने हुन्थ्यो। तर, वर्तमान नेतृत्वले आयोगको सिफारिस पूर्णरूपमा आत्मसात नगरी पुरानै, प्रमाणहीन बिलका आधारमा रकम असुलीमा जोड दियो। मन्त्रिपरिषद्ले गठन गरेको आयोगको सिफारिस पूर्णरूपमा आत्मसात नगरी अगाडि बढ्नुले नियामक संस्थाको जवाफदेहितामाथि गम्भीर प्रश्न खडा गरेको छ र राज्यको एक अंगले अर्को अंगको निष्कर्षलाई जानाजानी बेवास्ता गरेको प्रष्ट हुन्छ।

**शीर्ष राजनीतिक नेतृत्वको मौनता**

यो विवाद समाधान गर्नुपर्ने मुख्य जिम्मेवारीमा रहेका शीर्ष राजनीतिक नेतृत्व (प्रधानमन्त्री, अर्थमन्त्री, उद्योगमन्त्री) ले विवादमा प्रत्यक्ष हस्तक्षेप नगरी ऊर्जामन्त्रीलाई नै जिम्मा दिने रणनीति लिए। यो राजनीतिक तटस्थताले समस्या समाधान गर्ने होइन, उल्टे सरकार र निजी क्षेत्रबीचको अविश्वासलाई अझ गहिरो बनायो। प्रधानमन्त्री तथा मन्त्रीहरूले यस विषयमा निर्णायक हस्तक्षेप नगर्दा सार्वजनिक निकायको नेतृत्वलाई कानुनी प्रक्रियाको पालना नगरी स्वेच्छाचारी निर्णय लिनका लागि प्रोत्साहन मिलेको छ। यो मौनताले राष्ट्रिय महत्वका विवाद समाधानमा राजनीतिक इच्छाशक्ति अभाव रहेको संकेत गर्छ।

**अर्थतन्त्रको मूल्य : संकटमा उत्पादन**

विद्युत् प्राधिकरणले हठ र प्रमाणहीन दाबीका आधारमा बिजुली कटौती जस्तो कठोर कदम चाल्नु र निजी क्षेत्रलाई घृणाभाव सिर्जना गर्ने दुष्प्रयासले राष्ट्रिय अर्थतन्त्रमा तत्काल (प्रत्यक्ष) र भविष्य (अप्रत्यक्ष) गरी दोहोरो र अपूरणीय क्षति पुऱ्याउने निश्चित छ। यो कदम कुनै वित्तीय समाधान नभई औद्योगिक मेरुदण्डमाथि आएको अप्रत्याशित प्रणालीगत आघात हो।

**तत्कालको प्रत्यक्ष असर**

विवादित बक्यौता उठाउने प्रयासमा प्राधिकरणले दैनिक ६ करोड रुपैयाँको स्थिर आम्दानी गुमाउँदै र जलविद्युत आयोजनाहरू साावाँब्याज तिर्ने मुख्य समयमै ठूला उद्योगको लाइन काट्दा थप २ सय ५० मेगावाट ऊर्जा खेर फाल्नु अत्यन्त अव्यावहारिक निर्णय हो। स्थिर आम्दानी गुमाएर ऊर्जा खेर फाल्ने यो कदमले वित्तीय जोखिमलाई पूरै बेवास्ता गरेको देखिन्छ।

**दीर्घकालीन अप्रत्यक्ष असर**

राज्यको शक्तिशाली नियामक निकायले स्थापित प्रामाणिक प्रक्रियालाई बेवास्ता गरी कठोर कदम चालेको र शीर्ष नेतृत्वले मौन समर्थन जनाएको अवस्थामा यसको दीर्घकालीन अप्रत्यक्ष असर भयावह हुने प्रबल सम्भावना रहन्छ, जसले कानुनी स्थायित्व र लगानी सुरक्षा समाप्त भएको नकारात्मक विश्वव्यापी सन्देश प्रवाह गर्न सक्छ। परिणामस्वरूप नयाँ लगानी अवरुद्ध हुनुका साथै विद्यमान पूँजी पलायन हुन सक्छ। सिमेन्ट र स्टिलजस्ता आत्मनिर्भरताउन्मुख उद्योगहरू बन्द हुँदा देश पुनः आयातमा निर्भर भई व्यापार घाटा र महँगी बढ्ने देखिन्छ। यो घटनाक्रम औद्योगिकीकरण र आत्मनिर्भर अर्थतन्त्र निर्माणको राष्ट्रिय लक्ष्यमाथिको सिधा हमला हुन सक्छ, जसले समग्र आर्थिक वृद्धिदरलाई वर्षौं पछाडि धकेल्ने निश्चित छ।

**समाधानको बाटो : प्रमाण र प्रणाली**

यसर्थ यो विवादको समाधान व्यक्तिगत नेतृत्वको निर्णयमा होइन, तथ्यको निर्विवाद प्रमाण, कानुनी शासनको सर्वोच्चता र न्यायिक विवेकका आधारमा मात्रै खोजिनुपर्छ। पहिलो अत्यावश्यक कदम भनेको तत्काल लाइन जडान गर्नु हो। पूँजी पलायनको बढ्दो जोखिम र राष्ट्रिय अर्थतन्त्रमा दैनिक रूपमा भइरहेको नोक्सानी तत्काल रोक्नका लागि काटिएका सबै उद्योगको लाइन तुरुन्तै जोड्नु अनिवार्य छ।

**निष्कर्ष**

वास्तवमा यो विवाद केवल महसुलको अंकगणित नभएर विधिको शासनको परिपालना, प्रणालीगत जवाफदेहिता र संस्थागत विश्वसनीयतामाथि उठेको गम्भीर प्रश्न हो। नेपाली नागरिकले अब सार्वजनिक निकायको पारदर्शिता र संस्थागत इमानदारीमाथि निरन्तर चासो राख्नु आवश्यक छ। हामी नेपालीले अब निजी क्षेत्रप्रतिको दृष्टिकोण बदल्नुपर्छ। निजी क्षेत्रमा गल्ती गर्ने वा अनियमितता गर्ने व्यक्तिहरूलाई कानुन अनुसार कारबाही गरिनुपर्छ, तर सम्पूर्ण निजी क्षेत्रलाई एउटै टोकरीमा राखेर खलपात्रको चित्रण गर्नु राष्ट्रको हित विपरीत हो। यो विवादको समाधान व्यक्तिगत अहंकारमा होइन, न्याय, तथ्य र कानुनको सम्मानमा निहित छ। राष्ट्रिय अर्थतन्त्रलाई अपूरणीय क्षति हुनबाट जोगाउन र समग्र प्रणालीगत विश्वसनीयता पुनर्स्थापित गर्नका लागि सम्माननीय प्रधानमन्त्री, अर्थमन्त्री र उद्योगमन्त्रीले तत्काल निर्णायक हस्तक्षेप गर्नु आजको अपरिहार्य आवश्यकता हो। अनलाइनखबरबाट

# मधेश प्रदेशका आठ उत्कृष्ट किसान सम्मानित



**इन्दीप कोइराला**

बारा, १४ कार्तिक। मधेश प्रदेशभरिका आठ जिल्लाका उत्कृष्ट किसानलाई विशेष समारोहबिच सम्मान गरिएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाले बिहीबार आयोजना गरेको कार्यक्रममा आठ जना किसानलाई नगद पुरस्कार, दोसल्ला र सम्मानपत्रसहित सम्मान गरिएको हो। उक्त सम्मान विश्व खाद्य दिवसका अवसरमा 'स्वच्छ खाना र सुखद भविष्यका लागि हातेमालो' भन्ने नाराका साथ आयोजना गरिएको थियो। समारोहमा प्रदेशभरिका कृषक, कृषिविज्ञ, सरकारी अधिकारी तथा स्थानीय निकायका प्रतिनिधिहरूको उत्साहजनक उपस्थिति रहेको थियो।

उत्कृष्ट किसानका रूपमा बाराको जितपुरसिमरा उपमहानगरपालिका– १८, बडहर्वाकी मकै किसान विनिता गौतम, पर्साको विन्दवासिनी गाउँपालिका– ४, अमरपट्टीका च्याउ किसान सुजितकुमार चौरसिया, रौतहटको कटहरिया नगरपालिका– ५ का धान किसान रामसिंह राय यादव, सर्लाहीको बागमती नगरपालिका– ११ का मौरी किसान मणिप्रसाद पाण्डे, महोत्तरीको पिपरा गाउँपालिका– ४ का दलहन किसान अरुण ठाकुर, धनुषाको मिथिला नगरपालिका– ८ का तरकारी किसान छविलाल महतो, सिरहा नगरपालिका– २ का बिउ उत्पादक किसान बलराम यादव र सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका– २ का महावीरप्रसाद चौधरी सम्मानित भएका हुन।

उनीहरू सबैले आफ्ना क्षेत्रमा नवीन प्रविधि, उत्पादन वृद्धि, जैविक खेती र समुदायमा कृषक अभिप्रेरणाको उदाहरण प्रस्तुत गरेका कारण उत्कृष्ट किसानको उपाधि पाएका हुन्। कार्यक्रमका प्रमुख अतिथि तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. उमेश दाहालले मधेश प्रदेशलाई अन्न भण्डारका रूपमा विकास गर्ने लक्ष्यसँगै सरकार किसानमैत्री नीतिमा केन्द्रित रहेको बताए। उनले भने, 'मधेशको उब्जनी बढाउनु आजको आवश्यकता हो। यहाँको उर्वर भूमि, लगनशील किसान र प्रविधिको संयोजनले मधेश मात्र होइन, देशकै खाद्य सुरक्षामा योगदान पुऱ्याउनेछ।' डा. दाहालले किसानको सम्मानलाई मात्र होइन, उनीहरूको सिप र उत्पादनलाई संस्थागत रूपले प्रवर्द्धन गर्ने प्रतिबद्धता पनि जनाए।

कृषि विकास निर्देशनालयका निर्देशक जितेन्द्र यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका महाशाखा प्रमुख डा. सरोज चौधरी, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरका प्रमुख विमल दाहाल तथा खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, धनुषाका प्रमुख रविलाल शर्माले खाद्य सुरक्षा, पौष्टिकता र उत्पादन सुधारका विषयमा आफ्ना धारणा व्यक्त गरेका थिए। वक्ताहरूले जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा देखिएका चुनौती र नयाँ प्रविधि अपनाएर उत्पादनमा विविधीकरण गर्नुपर्नेमा जोड दिएका थिए।

समारोहमा निर्देशनालयका अधिकृत सुदीप चौधरीले कार्यपत्र प्रस्तुत गरेका थिए। जसमा प्रदेशका विभिन्न जिल्लामा कृषि उत्पादनको अवस्थाबारे विश्लेषण गरिएको थियो। कार्यक्रममा वरिष्ठ बाली विकास अधिकृत प्रदीपकुमार यादवले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने इन्जिनियर सुमनकुमार साहले कार्यक्रम सञ्चालन गरेका थिए। उक्त कार्यक्रममा आठै जिल्लाका कृषि ज्ञान केन्द्रका प्रमुखहरू, विभिन्न कृषि कार्यालयका प्रतिनिधि तथा किसानहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

सम्मानित किसानले सरकारले गरेको पहललाई उत्साहजनक बताउँदै अझ बढी प्राविधिक सहयोग र बजार व्यवस्थापनको अपेक्षा व्यक्त गरे। बाराकी मकै किसान विनिता गौतमले भनिन्, 'कृषकलाई सम्मान मात्र होइन, निरन्तर प्रोत्साहन पनि जरुरी छ। यस्तो सम्मानले हाम्रो आत्मबल बढाउँछ।' सर्लाहीका मौरी किसान मणिप्रसाद पाण्डेले भने, 'हामी मिहिनेत गर्छौं, तर बजार र प्रविधिको पहुँच अझ सुलभ हुन सके मधेशको कृषि उत्पादन दोब्बर हुन्छ। ' विश्व खाद्य दिवसकै अवसरमा बिहीबार गरिएको यो सम्मान कार्यक्रमले मधेश प्रदेशमा कृषि पेसालाई सम्मानजनक र प्रतिष्ठित पेसाको रूपमा स्थापित गर्न सन्देश दिएको छ। सरकार, विज्ञ र किसानबिचको सहकार्यले प्रदेशमा आत्मनिर्भर कृषि प्रणाली निर्माण गर्ने विश्वास सहभागीले व्यक्त गरेका थिए।

# 'सामा–चकेवा मूर्तिकला निर्माण कार्यशाला' सुरु

जनकपुरधाम, १४ कार्तिक। नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र मैथिली विकास कोषको संयुक्त आयोजनामा 'सामा–चकेवा मूर्तिकला निर्माण कार्यशाला' शुक्रबारदेखि सुरु भएको छ। कार्यक्रमको उद्घाटन कोषका अध्यक्ष जीवनाथ चौधरीको अध्यक्षतामा र इङ्गल्यान्ड निवासी मधेस विषयका अनुसन्धानकर्ता माइकल हट्टको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। कार्यशालामा सामा–चकेवा पर्वको सांस्कृतिक महत्व, कलात्मक पक्ष र नयाँ पुस्तालाई परम्परागत कला तथा संस्कृतिसँग कसरी जोड्ने भन्ने विषयमा विशेष छलफल गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि माइकल हट्टले मिथिला क्षेत्रको सांस्कृतिक गहिराइ र सामा–चकेवा पर्वले सामाजिक सम्बन्ध सुदृढ बनाउने उल्लेख गर्दै यस परम्परालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सकिने सम्भावनाबारे चर्चा गरे ।

उनले भने, 'स्थानीय कलाकारहरूको सीप र सृजनशीलतालाई विश्वस्तरमा प्रवर्द्धन गर्न अध्ययन, अभिलेखीकरण र प्रोत्साहन आवश्यक छ। यसले मात्र हाम्रो सांस्कृतिक सम्पदालाई दीर्घकालीन रूपमा सुरक्षित राख्न सकिन्छ।' कोषका अध्यक्ष जीवनाथ चौधरीले सामा–चकेवा पर्वको महत्वमा प्रकाश पारे। उनले भने, 'सामा–चकेवा हाम्रो मिथिलाञ्चलको सांस्कृतिक सम्पदा हो। यसले दिदीबहिनी र भाइबिचको प्रेम, आत्मीयता र सामाजिक एकताको सन्देश दिन्छ। यो परम्परा मात्र उत्सव नभई हाम्रो पहिचानको जरा हो।' उनले थपे, 'मैथिली विकास कोषले स्थानीय कलाकार, युवापुस्ता र विद्यार्थीहरूलाई परम्परागत मूर्तिकला र मिथिलाकला सिक्न प्रेरित गर्दै आएको छ। सांस्कृतिक सम्पदाको संरक्षणका लागि स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ।'

कार्यक्रमका अन्य वक्ताहरूले सामा–चकेवा पर्वमा बनाइने माटाका मूर्तिहरूलाई मिथिलाको कलात्मकता र भावनात्मक सम्बन्धको प्रतीकको रूपमा वर्णन गरे। उनीहरूले यस्ता कार्यशालाले परम्परागत ज्ञान संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे। कार्यशालाको क्रममा सहभागीहरूले सामा–चकेवा पर्वसँग सम्बन्धित विभिन्न मूर्तिहरूको निर्माण अभ्याससमेत गरेका छन्। यस अवसरमा कलाकारहरूलाई आधुनिक प्रविधिको प्रयोगमार्फत परम्परागत कलालाई अझ आकर्षक बनाउने सुझाव दिइएको थियो।

मैथिली विकास कोषका अनुसार आगामी दिनहरूमा यस्ता कला–संस्कृति केन्द्रित कार्यशालाहरूलाई विद्यालय र समुदाय स्तरमा विस्तार गर्ने योजना रहेको छ। कार्यक्रममा कोषका सदस्य श्यामसुन्दर शशी, सदस्य नित्यानन्द मण्डल, रूबी पाठक, सुधा कर्ण लगायतको सहभागिता रहेको थियो।

## विवाहपञ्चमी ...

प्रमुख मनोज कुमार साह, धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहाल, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रुगम बहादुर कुँवर, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल प्रसाद साह, उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक सूर्य बहादुर शाही, नेपाल विद्युत् प्राधिकरण जनकपुर वितरण केन्द्रका प्रमुख सुनिल कुमार महतो, एनप्याब्सनका नगर अध्यक्ष दिपक कुमार ठाकुर, गौ संरक्षण मञ्चका अध्यक्ष जगदिश महासेठ लगायतको उपस्थिति रहेको थियो।

यस वर्षको विवाहपञ्चमी महोत्सव कार्यक्रमअनुसार मङ्सिर ४ गते नगरदर्शन, ५ गते फूलबारी लिला, ६ गते धनुष यज्ञ, ७ गते तिलकोत्सव, ८ गते मटकोर, ९ गते सिताराम स्वयंवर तथा विवाह महोत्सव र १० गते रामकलेवा सम्पन्न गरी विवाहपञ्चमीको औपचारिक समापन गरिने जनाइएको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)